जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १४६ पृष्ठः ४ | २०८२ असोज १० गते शुक्रबार (Friday 26 Sept. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

### सिरहामा बालक हत्या प्रकरण :

# हत्या गर्ने व्यक्ति नै शव खोज्न सक्रिय, कुकुरले पत्ता लगाएपछि पक्राउ

**शैलेन्द्र महतो**

सिरहा, ९ असोज। ५ असोजदेखि बेपत्ता भएका सिरहा गोलबजार नगरपालिका-१३ भेल्हा डंगराहाका अभिषेक सिंह ७ असोज बिहान घर नजिकैको आँप बगैँचामा मृत अवस्थामा फेला परे। उनको शव फेला परेपछि गाउँभरि सनसनी फैलियो। प्रहरी टोली तत्कालै घटनास्थल पुगेर अनुसन्धान सुरु गऱ्यो। अनुसन्धानका लागि तालिमप्राप्त कुकुर (डग टोली) समेत प्रयोग गरियो। कुकुर सुँघ्दै-सुँघ्दै मृतककै हजुरबुबा पर्ने विन्देश्वर सिंहको आँगनमा पुग्यो। तर घरका अन्य सदस्यसम्म नपुगी रोकियो। त्यस



बेला विन्देश्वरका १७ वर्षीय छोरा पंकज छतमा बसिरहेका थिए।

१५ वर्षीय बालक अभिषेक हराएपछि पंकज आफन्तसँगै दिनरात खोजीमा सक्रिय थिए। उनी भिडमै मिसिएर घटनामा संलग्न नभएझैँ व्यवहार गरिरहेका थिए। तर डग टोली आउँदैछ भन्ने खबर सुनेपछि उनी आत्तिएर छतमा पुगेका थिए। शंका बढेपछि प्रहरीले पंकजसहित ८ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढायो। 'घटना भएको बेलादेखि सँगै खोजिरहेका पंकज डग टोली आएपछि डराएर छतमा बसिरहेका थिए। तर प्रहरी आँगनसम्म पुगेपछि शंकाको आधारमा उनलाई पक्राउ गरियो,' अनुसन्धानमा संलग्न एक प्रहरीले भने। अनुसन्धानका क्रममा पंकजकै बयान, घटनास्थल र वरपर भेटिएका प्रमाणहरूले उनी नै मुख्य आरोपी भएको प्रष्ट भएको प्रहरी स्रोतले जनाएको छ। घटनामा प्रयोग भएको गम्छा, प्लास्टिकको ड्रम साथै मृतक र पंकज दुवैको मोबाइल प्रहरीले बरामद गरेको छ।

**-बाँकी तीन पेजमा**

# अब अनलाइन दर्ता र नवीकरण सूचना विभागबाटै

काठमाडौँ, ९ असोज। सरकारले अनलाइन दर्ता र नवीकरण सूचना विभागबाटै गर्ने निर्णय गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले यसअघि जिल्ला प्रशासन कार्यालयमा अनलाइन दर्ता गर्नुपर्ने सरकारको निर्णय उल्ट्याएर हो। सञ्चारमन्त्री जगदीश खरेलका अनुसार अनलाइन दर्ता र नवीकरण अब जिल्ला प्रशासन कार्यालयमा गर्नुपर्ने छैन। सूचना विभागको महानिर्देशकलाई स्थानीय अधिकारी तोक्ने गरी छापाखाना तथा प्रकाशनसम्बन्धी निर्णय सच्चाइएको हो। त्यस्तै सुरक्षण मुद्रण नियमावली, २०८२ स्वीकृती गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ।

# लहान वितरण केन्द्रमा ४४ करोड बढी विद्युत् बक्यौता

सिरहा, ९ असोज। नेपाल विद्युत् प्राधिकरणको लहान वितरण केन्द्रमा बक्यौता रकम रु ४४ करोड नाघेको छ। आर्थिक वर्ष २०८२/८३ को साउन मसान्तसम्मको तथ्याङ्क अनुसार बाँकी बक्यौता रु ४४ करोड ९२ लाख ५७ हजार १८४ रहेको छ। कार्यालयले बक्यौता असुल गर्न विद्युत् लाइन काट्ने अभियान सञ्चालन गरेपछि हालसम्म रु



१७ लाख ३२ हजार ३१२ सङ्कलन गर्न सफल भएको छ। वितरण केन्द्रका प्रमुख अवधेशकुमार गुप्ताका अनुसार बाँकी बक्यौता रकम तिर्नुपर्नेमा उद्योग, सरकारी कार्यालय र कृषि सिँचाइ मिटरका ग्राहकहरू रहेका छन्।

'कृषि सिँचाइ मिटरअन्तर्गत लहान नगरपालिकाले मात्रै रु एक करोड ३९ लाख ८७ हजार ६२२ तिर्न बाँकी छ,' प्रमुख गुप्ताले भने, 'गत असार २५ गते पत्र काटिएको भए पनि हालसम्म नगरपालिकाले कुनै भुक्तानी गरेको छैन।' प्राधिकरणको नियमअनुसार उपभोक्ताले ६० दिनभित्र विद्युत् महसुल तिर्नुपर्ने व्यवस्था भए पनि लहान वितरण केन्द्रमा औसतमा नौ महिनासम्म पनि बक्यौता असुल हुन नसकेको उनको भनाइ छ। 'अब बाँकी रकम असुल गर्न लाइन काट्नुबाहेक हामीसँग अर्को विकल्प छैन,' गुप्ताले भने।

**-बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## जेष्ठ नागरिकको सम्मान गरौं।

**जेष्ठ नागरिक अनुभव र ज्ञानका भण्डार हुनः**

- जेष्ठ नागरिकको भूमिकालाई परिवार र समाजमा महत्व दिऔं,
- निर्णय प्रक्रियामा समावेश गराऔं.
- स्वास्थ्य र सुरक्षा सुनिश्चित गरौं,
- एक्लोपन हटाउन सँगै समय बिताउने गरौं,
- सामाजिक र सांस्कृतिक कार्यक्रममा सहभागी गराऔं,
- आर्थिक रूपमा सहयोग र सुरक्षा उपलब्ध गराऔं,
- अधिकार र स्वाभिमानको रक्षा गरौं,
- सद्भाव र माया बढाई परिवार र समाजको अभिन्न हिस्सा बनाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## समयको पदचाप सुनेर बेलैमा बहिर्गमन

नेपालका राजनीतिक नेताहरूको शाहकालका राजाहरूजस्तै बाँचुन्जेल पदमै बसिरहन चाहने लोभले लगभग सबैलाई 'बदनाम' बनाएको छ। विडम्बना, यो सत्य उनीहरू र तिनकै दौराको फेर समातेर उभिएकाहरूले भने कहिले स्वीकार्न खोजेको देखिँदैन। नवयुवा पुस्ता जेन–जीको भदौ आन्दोलनको उग्रतामा पुराना नेताहरूको सत्ता लोलुपताप्रति पोखिएको वितृष्णा पनि रहेको छ। विशेषगरी ठूला राजनीतिक दलका शीर्ष नेताहरूप्रति लामो समयदेखि नै युवा पुस्तामा बढ्दो आक्रोश भदौ २३ र २४ मा विस्फोट हुनपुगेको हो। अब नेपालमा शासन गर्ने हो भने समयअनुसार बदलिनु आवश्यक छ भन्ने सन्देश सामाजिक सञ्जाल, सञ्चार माध्यम र अरू पनि मञ्चहरूबाट प्रवाहित भइरहे पनि नेताहरूले आत्मसात गर्न सकेनन्। परिणाम उनीहरूले भोगी पनि सकेका छन्।

यस्तो संकेत र सन्देशलाई अर्थात् समयको पदचाप भन्न पनि सकिन्छ। समयको पदचाप सुन्न र बुझ्न र आत्मसात् गर्न सक्नु बुद्धिमानी मानिन्छ राजनीतिमा। नेपाल समाजवादी पार्टी ९नयाँ शक्ति०का अध्यक्ष डा. बाबुराम भट्टराईले पार्टीको नेतृत्व छाड्ने घोषणा गरेर यही बुद्धिमानी देखाएका छन्। डा. भट्टराईको नाम जति सुनिने र देखिने छ उनको पार्टी छैन। यथार्थमा भट्टराईकै व्यक्तित्वले त्यो पार्टी बनेको र चलेको हो। अरू दलमा जस्तो भट्टराईको पार्टीमा नेतृत्वलाई कसैले चुनौती दिएको पनि सार्वजनिक भएको छैन। तैपनि, परिवर्तनको मागलाई आत्मसात गरेर उनले अरू नेतालाई बाटो देखाएका छन्। अर्थात्, यस निर्णयले डा. भट्टराईलाई 'नेताहरूको नेता' बनाएको छ।

अरू दलका नेताहरू विशेषगरी उनका पुराना कम्युनिस्ट 'कमरेड'हरूले भट्टराईको 'खिसिट्युरी' पनि गर्न सक्छन्। विशेष परिस्थितिका कारण मुख नखोले बेग्लै नत्र उनको दलको आकार र प्रभाव देखाएर घोचपेच गर्दै आआफ्नो अहङ्कार व्यक्त गर्न नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल र नेकपा (एमाले)का अध्यक्ष खड्गप्रसाद ओलीका बीचमा होड नै चलिसक्थ्यो। उनीहरूले जे सुकै गरुन् समयको पदचाप सुनेको र बुझेको देखाउन भने डा. भट्टराईले नै तिनलाई उछिनेका छन्। आधा जनसङ्ख्या रहेको यस नवयुवा समूहको सन्देशलाई शिरोपर गर्ने निर्णयको इतिहासमा पनि सराहना हुनेछ।

ठूला दलका शीर्ष नेताहरू दाहाल, ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि डा. बाबुराम भट्टराईले जस्तै समयको पदचाप सुन्ने मौका पाएका छन्। बाबुरामको बाटो उनीहरू स्वयं, देश तथा तिनका पार्टीहरूका निम्ति पनि बढी सुरक्षित र सम्मानजनक छ। समयको पदचाप पछ्याएर बुद्धिमानी देखाउने कि संगठनै समाप्त हुनेगरी कक्रक्क पार्नेगरी ब्जा गरिरहने हो रोजाइ उनीहरूकै हो।


### बिमालेख हराएको सूचना

२०८२ साउन ७ गते घर देखि सिरहा सदरमुकाम जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : पुनम कुमारी मंडल**
**ठेगाना : कल्याणपुर–२, पर्साही (सिरहा)**
**बिमालेख नं. ६२०००८२५०**

### बिमालेख हराएको सूचना

२०८२ साउन ७ गते घर देखि सिरहा सदरमुकाम जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : सुको देवी पासमान**
**ठेगाना : कर्जन्हा–७, प्रेमनगर (सिरहा)**
**बिमालेख नं. ६२००००८९४**


### १९ दिन होटलमा बन्धक बनाएर बालिका बलात्कारको यो दर्दनाक घटना

# दुई प्रहरीसहित तीनजना कारागार चलान

**शैलेन्द्र महतो**

जनकपुरधाम, ९ असोज। धनुषा जिल्ला अदालतले अपहरण, शरीर बन्धक तथा जबर्जस्ती करणी मुद्दाका तीनजना अभियुक्तलाई पुर्पक्षका लागि कारागार पठाउने आदेश दिएको छ। कारागार चलान हुनेमा दुईजना प्रहरी जवानसमेत छन्। न्यायाधीश इश्वर आचार्यको इजलासले जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी जवान बरुणकुमार साह र नितेशकुमार महतो तथा होटेल मधेश प्रदेशका कामदार धीरजकुमार दासलाई पुर्पक्षका लागि थुनामा पठाएको हो। यही मुद्दाका अर्का अभियुक्त जनकपुर मुरलीचोकस्थित होटेल मधेश प्रदेश गेस्ट हाउसका सञ्चालक मोलवी साहव भन्ने अजिज राइन भने धरौटीमा छुटेका छन्। अदालतले उनलाई २ असोजमा ४ लाख धरौटी लिएर छाड्ने आदेश दिएको हो।

धनुषा धनौजी गाउँपालिकाकी १६ वर्षीया बालिकालाई गत १७ असारमा घरबाटै अपहरण गरी होटलमा लगेर जबरजस्ती करणी गरेको मुद्दाको मिसिलमा उल्लेख छ। जनकपुरको पिडारीचोकस्थित होटेल सीएफसीमा दुई दिन र त्यसपछि १७ दिन मधेश प्रदेश गेस्ट हाउसमा बन्धक बनाएर होटेल सञ्चालकसहित प्रतिवादीहरूले जबरजस्ती करणी गरेको र ग्राहकबाट समेत पैसा लिएर जबरजस्ती करणी गर्न लगाएको मुद्दाको मिसिलमा छ। अदालतको आदेशपत्रमा 'प्रतिवादीहरूसँग पटकपटक फोन सम्पर्क भएको कल डिटेल र पीडितको स्वस्थ्य परीक्षण प्रतिवेदन समेतको आधारमा प्रतिवादीहरू अहिले नै कसुरदार होइनन् भन्ने नदेखिँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुनेगरी अदालतले तीनैजनालाई पुर्पक्षका लागि कारागार चलान गर्ने' उल्लेख छ।

मुख्य अभियुक्त राइनलाई भने होटेल एन्ड मधेश प्रदेश गेस्ट हाउस केही महिनादेखि ठेक्कामा लगाएको करारको सम्झौताको प्रतिलिपि पेस गरेको आधारमा धरौटीमा छाड्ने आदेश दिएको देखिन्छ। राइनले ११ फागुन २०८१ मा उक्त होटेल शंकर साहलाई सञ्चालन गर्न दिएको सम्झौतापत्रको प्रतिलिपि पेस गरेको आदेशपत्रमा भनिएको छ। '....निज प्रतिवादीको नाउँमा मधेश प्रदेश होटल दर्ता रही निजले नै सञ्चालन गरेकोमा मिति २०८१/११/११ मा शंकरप्रसाद साहले सञ्चालन गर्ने भनी सम्झौता भएको सम्झौतापत्र, यी प्रतिवादीले पेस गरेको,' आदेशमा लेखिएको छ, '..पछि प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी यी प्रतिवादी मोलची म भन्ने अजिज राइनबाट हाललाई नगद धरौटी चार लाख रुपैयाँ वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नू।'

आदेशमा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरोले गरेको अनुसन्धानमा होटेलका कामदार धीरज दाससँग पटकपटक फोन सम्पर्क भएको कल डिटेल्समा देखिएको उल्लेख छ। पीडित बालिकाले साउनमै धनुषा प्रहरीमा मानव बेचबिखन, ओसारपोसार र जबरजस्ती करणी मुद्दामा जाहेरी दिएकी थिइन्। जसमा धनुषाको धनौजी गाउँपालिका–५ का ३० वर्षीय ताहिर राइन, होटेल मधेश प्रदेशका सञ्चालक मोलवी भन्ने अजिज राइन, पिडारीचोकस्थित होटेल सीएफसीका सञ्चालक कन्हैया मुखिया, होटलमा कार्यरत वर्ष २२ की अञ्जली महरा, प्रहरी जवानहरू वर्ष ३० का नितेशकुमार महतो, वर्ष ३५ का बरुणकुमार साह, प्रहरी भन्ने वर्ष ४० का राजा, मधेश प्रदेश होटलका कामदार वर्ष ३५ का धीरज दास, होटेलमा युवतीलाई शारीरिक व्यवसायीका लागि जबरजस्ती तयार पार्ने वर्ष २५ की मुस्कान खातुन, ताहिरका बुबा मुफिद राइनलाई प्रतिवादी बनाएर जाहेरी दिएकी थिइन्। जसमध्ये ४ जना पक्राउ गरेर प्रहरीले अदालतमा पेस गरेको थियो।

**कसरी भयो घटना ?**

जाहेरीअनुसार २९ चैत २०८१ मा आमा खेतमा गएको बेला घर नजिकै पसल चलाउने स्थानीय ताहिर राइनले बालिकालाई विवाहको प्रलोभन देखाएका थिए। प्रलोभनमा पारेर अपहरण गरी जनकपुर ल्याएर आफूसहित अरुसँग पनि जबर्जस्ती करणी गराई होटलहरूमा बेचबिखन गरेको र पछि भागेर ज्यान जोगाएकी थिइन्। त्यसपछि पीडित बालिकाले ३ जेठ २०८२ मा जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दिएकी थिइन्। तर सो जाहेरी उपर प्रहरीले समयमा सुनुवाइ नै गरेन। अभियुक्त ताहिर राइन विदेश भागे।

यस घटनापछि पीडित बालिका १७ असारमा बिहान अन्दाजी ४ बजे अपहरणमा परिन्। आफू बाखा बाँध्न घरबाट दैलोमा निस्किेको बेला गाडीमा पुगेका अञ्जली महरासहित तीनजनाले कपडाले आँखा बाँधेर अपहरण गरेको जाहेरीमा उल्लेख छ। त्यसपछि उनीहरूले बालिकालाई सीएफसी होटलमा ल्याए। त्यहाँ ताहिर राइनका भिनाजु फिरोज राइन आइपुगे र केही व्यक्तिलाई फोन लगाए। केही समयपछि दुईजना प्रहरी जवान ड्रेसमै आइपुगे। ती प्रहरी बरुणकुमार साह र नितेश सिंह रहेको पछि खुल्यो। उनीहरुले ताहिर राइनविरुद्ध दिएको जाहेरी फिर्ता लिन धम्की दिए। दुई रात त्यही होटेलमा बन्धक बनाएर सञ्चालकसहितले जबरजस्ती करणी गरेको जाहेरीमा उल्लेख छ।

'मलाई जाहेरी फिर्ता लेऊ भनी धम्की दिएर कुटपिट गरे। दुई रात त्यही होटलमा राखियो र दुई रात होटलका साहुजी र होटलका ग्राहकहरुले जबरजस्ती करणी गरे,' जाहेरीमा उल्लेख छ। तेस्रो दिन अञ्जली र ती दुई प्रहरीले जनकपुरधामको मुरलीचोकस्थित होटेल मधेश गेस्टहाउसमा लगेको र त्यहाँ आफूलाई प्रहरी भन्ने बरुण, नितेश र राज भन्नेले जबरजस्ती करणी गरेको जाहेरीमा उल्लेख छ। २० गते प्रहरी पोशाकमै राज भन्ने प्रहरी जवान पुगेर मुद्दा फिर्ता लिन धाकधम्कीसँगै आफूमाथि जबरजस्ती करणी गरेको पनि जाहेरीमा भनिएको छ।

प्रहरी जवान बरुण र नितेश प्रहरी ड्रेसमै पुगेर जबरजस्ती करणी गरेको बयान बालिकाको छ। ४ भदौ बिहान १०:०० बजे प्रहरी गएपछि आफूलाई जिल्ला प्रहरी कार्यालय र त्यसपछि महिला सेलमा ल्याएको अनि सोही दिन प्रहरीले आवर संसार सेभ हाउसमा पठाइदिएको जाहेरीमा उल्लेख छ। उपचारपछि ११ भदौमा शान्ति पुनर्स्थापना केन्द्रमा जिम्मा लगाएको थियो। उनी अहिले त्यहीँ छिन्।

**प्रहरीको बेवास्ता, प्रहरीकै संलग्नता**

महिला अधिकारकर्मीका अनुसार बालिकासँग सुरुमा ताहिर राइनले गरेको घटनाको जाहेरी र पछिल्लो घटनाको जाहेरी प्रहरीले दर्ता गर्न मानेको थिएन। पछिल्लो घटनामा प्रहरीकै संलग्नता देखिएपछि जिल्ला प्रहरी कार्यालयले सकभर मिलाउने प्रयास गरेको थियो। २९ चैतमा अपहरणमा परेकी बालिका ताहिरको पञ्जाबाट फुत्किएर जिल्ला प्रहरीको सम्पर्कमा पुगेकी थिइन्। तर प्रहरीले वास्ता गरेन। पछि सरकारी वकिल कार्यालयको निर्देशन र राष्ट्रिय मानव अधिकार आयोगको दबाबका कारण असारको पहिलो साता प्रहरीले जाहेरी दर्ता गर्यो। तर असार ११ गतेतिर ताहिर विदेश उडिसकेका छन्।

सुरुकै घटनामा प्रहरीको कमजोरीले पछिल्लो जघन्य घटना भएको जिल्ला सरकारी वकिलको कार्यालय धनुषाका प्रमुख अधिवक्ता विदुर कार्की बताउँछन्। 'पहिलेकै जाहेरीमा हामीले दर्ता गर्न भनेर निर्देशन दियौं। फाइल पठाएर पटकपटक फोन गरेर दबाब दियौं। तर समयमा प्रहरीले अनुसन्धान र दर्ता गरेन। त्यसको कारण दोस्रो जघन्य प्रकृतिको घटना भएको देखिन्छ,' उनले भने। दोस्रो घटनामा प्रहरीकै संलग्नता भएपछि प्रहरी मिलाउने प्रयासमा थिए। सरकारी वकिलको कार्यालयले निर्देशन दिँदा पनि प्रहरीले जाहेरी दर्ता गर्न मानेको थिएन। 'दोस्रो जाहेरीमा विभिन्न निकायले चासो लिएका थिए। हामीले पनि प्रहरीलाई पटकपटक दबाब दियौं। अनि जाहेरी दर्ता भयो,' उनले भने।

सरकारी वकिल कार्यालयको निर्देशनलाई पनि प्रहरीले अटेर गर्न थालेपछि राष्ट्रिय मानव अधिकार आयोगले किन दर्ता नगरेको भनेर जवाफसहित प्रहरी प्रमुख नरहरि रेग्मीसहितका पाँच प्रहरीको जवाफ र बयान नै लिएको थियो। जबरजस्ती करणीमा संलग्न प्रहरीको सनाखतको लागि पत्र काटेर शंकास्पद पाँच प्रहरीलाई आयोगको कार्यालयमा झिकाइएको थियो। र, पीडितबाट सनाखतपछि आयोगले १९ साउनमा किन जाहेरी दर्ता नगरेको भन्दै पत्र काटेको थियो। २५ गते जाहेरी दर्ता भएको प्रहरीले आयोगलाई जानकारी गराएको थियो। मानव अधिकार संरक्षणको कोणबाट प्रहरीको लापरबाही देखेपछि आयोगले त्यसमा पीडितको न्यायको लागि भूमिका खेलेको आयोगका जनकपुर कार्यालय प्रमुख बुद्धनारायण साहनीले बताए।

गम्भीर प्रकृतिको अपाराधमा धनुषा प्रहरीको भूमिका शंकास्पद देखिएपछि सीआईबीको केन्द्रीय टोलीले आएर समेत अनुसन्धान गरेको थियो। एक महिला अधिकारकर्मीका अनुसार बालिकाकी आमा र मामालाई प्रभावमा पारेर होटेल सञ्चालक र प्रहरीले २० लाखमा मुद्दा मिलाउने प्रयास गरेका थिए। ती महिला अधिकारकर्मीका अनुसार बालिकाले आफूलाई चरम यातना र यौन शोषण गरेको भन्दै दोषीलाई कारबाहीको माग गरिन्। 'बालिकाका मामा र आमासँग मिलाउने प्रयास गरिसकेका थिए। त्यसमा प्रहरीले समन्वयकारी भूमिका निर्वाह गरेको थियो। तर बालिकाले रुँदै कुनै पनि हालतमा आफूलाई न्याय चाहियो भनिरहिन्,' ती अधिकारकर्मीले भनिन्।

दबाबपछि मात्र जिल्ला प्रहरी कार्यालय धनुषाले जाहेरी दर्ता गरेको थियो। त्यसपछि मधेश प्रदेशका होटेल सञ्चालक अजिज राइन, कामदार धीरजकुमार दास, प्रहरी जवान बरुण कुमार साह र नितेशकुमार महतोलाई पक्राउ गरी मुद्दा अगाडि बढाएको थियो।

यता, धनुषाका प्रहरी उपरीक्षक रेग्मीले पहिलो र दोस्रो जाहेरी दर्ता गरेर समयमै प्रहरीले आफ्नो भूमिका निर्वाह गरेको बताए। 'दुईवटै मुद्दा दर्ता भएको छ। पहिलेका मुद्दाको प्रतिवादी फरार छन्। विदेश गए भन्ने सुनिरहेका छौं। इन्टरपोलमार्फत ल्याउँछौं,' उनले भने।

# KALYANPUR MUNICIPALITY

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**KALYANPUR, SIRAHA**
**PROVINCE MADHESH, NEPAL**

## Invitation for Sealed Quotation

**First Publication Date: 2082/06/10**

1. **Kalyanpur Municipality** Office of Municipal Executive, Kalyanpur, Siraha invites sealed quotations from registered Suppliers for the supply and delivery of the following goods:
2. **A Complete set of Bidding Documents can be Purchase from Kalyanpur Municipality siraha.**

| S. N. | Contract ID | Description of works | Bid Security amount (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date of Bid purchase | Last Date of Bid Submission | Last Date of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | KM-01-GOODS/SQ/ 082/83 | Dhan katne machine kharid tatha bitaran karya | 38,000.00 | 1,000.00 | Sealed Quotation | 2082/06/24 at Upto office Hrs) | 2082/06/26 at 12:00Hrs) | 2082/06/26 at 13:00Hrs) |
| 2 | KM-02-GOODS/SQ/ 082/83 | Silai machine kharid tatha bitaran karya | 37,000.00 | 1,000.00 | Sealed Quotation | 2082/06/24 at Upto office Hrs) | 2082/06/26 at 12:00Hrs) | 2082/06/26 at 13:00Hrs) |
| 3 | KM-03-GOODS/SQ/ 082/83 | Karyalayako lagi AC kharid karya | 40,000.00 | 1,000.00 | Sealed Quotation | 2082/06/24 at Upto office Hrs) | 2082/06/26 at 12:00Hrs) | 2082/06/26 at 13:00Hrs) |

a. **Information to deposit the cost of bidding document in Bank:**
   i. Name of the Bank: **MACHHAPUCHCHHRE BANK LTD..**
   ii. Name of Office: **KALYANPUR MUNICIPALITY, SIRAHA**
   iii. Name of Account :- **RAJASHWA KHATA**
   iv. Rajaswa ( revenue ) Account No :- **0810110818400076**

b. **Information to deposit the Bid Security in Bank:**
   i. Name of the Bank: **MACHHAPUCHCHHRE BANK LTD..**
   ii. Name of Office: **KALYANPUR MUNICIPALITY, SIRAHA**
   iii. Name of Account :- **DHARAUTI KHATA**
   iv. Account no.: **0810110818500042**

3. The Employer reserves the right to accept or reject any bid, and to annual the process and reject all bids at any time prior to contract award.

**Chief administrative officers**

## *सिरहामा बालक...*

सिरहाका प्रहरी उपरीक्षक एसपी अनन्त शर्माले दोषी पत्ता लागिसकेको र केही निष्कर्ष आउन बाँकी रहेको बताए। 'दोषी पत्ता लागिसकेको छ। धेरै प्रमाण जुटिसकेका छन्,' एसपी शर्माले भने, 'केही निष्कर्ष निकाल्न बाँकी छ। निष्कर्षमा पुगेपछि सार्वजनिक गर्छौं।' अभिषेकको हत्या आफैंले योजनाबद्ध तरिकाले गरेको पंकजले बयानमा स्वीकारेका छन्। उनको बयानको आधारमै घर नजिकैको पोखरीबाट हत्यामा प्रयोग भएको ड्रम, पोखरी किनाराबाट मृतकको मोबाइल र सिमकार्ड, विद्यालय प्रांगणबाट गम्छा बरामद गरियो। त्यस्तै, पाँच करोड फिरौती माग गर्दै इमोमार्फत पठाइएको सन्देश पठाउन प्रयोग भएको पंकजकै मोबाइल दाउरा राख्ने घरभित्रबाट फेला परेको प्रहरीले जनाएको छ।

**यसरी भयो अभिषेकको हत्या**

अनुसन्धानमा संलग्न प्रहरी अधिकारीहरूका अनुसार १५ वर्षीय अभिषेक सिंह ५ असोज साँझदेखि अचानक बेपत्ता भएका थिए। अबेर साँझसम्म घर नफर्किएपछि र मोबाइलसमेत नलागेपछि परिवार र आफन्तजनले खोजतलास सुरु गरेका थिए। प्रहरीलाई दिएको बयानमा आरोपित पंकजले अभिषेकलाई खेल्न जाऔं भन्दै घरबाट लगेको स्वीकार गरेका छन्। घटनापूर्व उनले खेतमा खाल्डो खनेर प्लास्टिकको ड्रम तयारी अवस्थामा राखेका थिए। अभिषेकलाई त्यहाँ लगेर मजाक गरेजस्तो गरी गम्छाले हात बाँधिदिए। त्यसपछि आफूले घाँटी थिचेर हत्या गरेको बयान उनले दिएका छन्। हत्या गरी पंकजले शव ड्रममा हालेर पुरे र माथिबाट खेप्टामाटो राखेर ढाकिदिए। हत्या गरिसकेपछि पनि कसैले शंका नगरोस् भनेर पंकज आफन्तसँगै खोजतलासमा लागेको नाटक गर्दै हिँडे।

घटनालाई मोड्न उनले ६ असोज बिहान ८ बजेतिर अभिषेककी आमा रेखादेवी सिंहको मोबाइलमा इमोमार्फत पाँच करोड रुपैयाँ फिरौती माग्दै हिन्दी भाषामा धम्कीपूर्ण सन्देश पठाए। सो सन्देशमा पैसा नदिए हत्या गर्ने र प्रहरीले थाहा पाए पनि अभिषेकलाई मारेर फ्याल्ने चेतावनी थियो। यसरी उनले घटना सीमापार बिहारसँग जोडिएको भ्रम फैलाउन खोजेका थिए। प्रहरीको प्रारम्भिक अनुसन्धानले हत्या पंकजकै संलग्नतामा भएको पुष्टि गरेको छ। अनुसन्धान अधिकृतका अनुसार, उनले फिरौतीको सन्देश पठाएर घटना मोड्न खोजेको र योजनाबद्ध हत्या गरेको स्वीकारेका छन्। हत्या भएको दिन बेलुकी ठूलो वर्षा भएपछि पंकज फेरि शव लुकाएको ठाउँमा पुगेका थिए। पानीले माटो धस्सिँदा ड्रम देखिन थालेपछि उनले शव निकालेर छेउको आँप बगैँचामा फ्याले र ड्रमलाई नजिकैको पोखरीमा डुबाए। भोलिपल्ट बिहान स्थानीयले शव देखेपछि सनसनी मच्चियो।

पंकजले प्रहरीसमक्ष दिएको बयानअनुसार, अभिषेकले आफूलाई ट्याक्टर चलाउन सिकाउन अस्वीकार गरेकाले योजनाबद्ध हत्या गरेका हुन्। अभिषेक रेखादेवीका एउटै छोरा थिए। करिब १० वर्षअघि अभिषेकका पिता सञ्जय सिंहको मोटरजडित कलमा करेन्ट लागेर मृत्यु भएको थियो। पैतृक सम्पत्ति भएकाले अभिषेकले अध्ययन छाडेर ट्याक्टरमार्फत खेतीपाती गरिरहेका थिए। छोराको मृत्युपछि आमा अचेत अवस्थामा छिन्।

**सीआईबीले थाल्यो अनुसन्धान**

पंकजले घटना आफूले एक्लै गराएको स्वीकार गरिसके पनि अन्य व्यक्तिको संलग्नता हुनसक्ने कोणबाट प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को टोलीले अनुसन्धान अघि बढाएको छ। पंकजको बयानका आधारमा मात्र हेर्दा, उमेरले सानो भएका कारण उनले अभिषेकको हत्या गरेर शव ड्रममा लुकाई पुनः निकालेर फालेको हुनसक्ने शंका प्रहरी र मृतक परिवारमा छ। अभिषेक परिवारको एक्लो छोरा भएको र उनको नाममा पुर्ख्यौली करिब चार बिघा जमिन रहेकाले सम्पत्ति हत्याउने उद्देश्यले हत्यामा अन्य आफन्त समेत संलग्न हुनसक्ने आशंकामा प्रहरीले अनुसन्धान अघि बढाएको छ।

यसबाहेक पंकज नाबालक भएकाले उनले मात्र दोष स्वीकार गरे सजाय कम भएर छुट्ने रणनीतिअन्तर्गत योजनाबद्ध ढंगले अभिषेकको हत्या गरिएको त होइन भन्ने प्रश्न पनि उठाइएको छ। मुख्य आरोपी पंकज नाताले मृतक अभिषेकका काका पर्छन्। पंकज अभिषेकका हजुरबुबा लक्ष्मण महतोका तीन दाजुभाइमध्ये कान्छा तुल्सी महतोका नाति तथा विन्देश्वर सिंहका छोरा हुन्।

## *लहान वितरण ...*

विद्युत् चुहावटको अवस्था पनि वृद्धि हुँदै गएको छ। आव २०८०/८१ मा चुहावट दर ३१ दशमलव ६५ प्रतिशत रहेकामा आव २०८१/८२ मा बढेर ३८ दशमलव १० प्रतिशत पुगेको प्रमुख गुप्ताले जानकारी दिए। उनका अनुसार चालु आवको साउन मसान्तसम्ममा यो दर बढेर ४४ दशमलव ४६ प्रतिशत पुगेको छ। यसैबीचमा प्राधिकरणले ७०३ जना ग्राहकलाई कारबाही गरी रु ३१ लाख ५४ हजार २२५ चुहावट महसुल असुल गरेको कार्यालयले जनाएको छ। सिरहामा प्राधिकरणका लहान, मिर्चैया र सदरमुकाम गरी तीन वटा वितरण केन्द्र रहेका छन्। लहान वितरण केन्द्रअन्तर्गत लहान, सुखीपुर, धनगढीमाई नगरपालिका र बरियारपट्टी, विष्णुपुर, औरही, लक्ष्मीपुर पतारी, नवराजपुर तथा भगवानपुर गाउँपालिका रहेका छन्।

# १६ वर्ष उमेर पूरा गरेका नागरिकलाई मतदाता नाम दर्ता गर्ने अवसर

काठमाडौं, ८ असोज। आगामी फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति घोषणा भएपछि स्थगित भएको मतदाता नामावली संकलन कार्य पुनः सुरु हुने भएको छ। निर्वाचन आयोगको निर्णयअनुसार मिति २०८२ कातिक असोज ३० गतेसम्म यो कार्य सञ्चालन गरिनेछ। आयोगका अनुसार यस अवधिमा १६ वर्ष उमेर पूरा भई नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका तर यसअघि मतदाता नामावलीमा नाम दर्ता नभएका नागरिकहरूले दर्ता गर्न सक्नेछन्।

दर्ता प्रक्रिया सार्वजनिक विदा बाहेक विहान ८ बजेदेखि साँझ ६ बजेसम्म प्रदेश निर्वाचन कार्यालय तथा जिल्ला निर्वाचन कार्यालयमा सम्पन्न गर्न सकिने व्यवस्था मिलाइएको छ।

मतदाता नामावली दर्ता गर्न आयोगको वेवसाइट www. election. gov. np मा प्रि–रजिष्ट्रेशन ( applyvr. election.gov.np) प्रणाली प्रयोग गरी आवेदन भर्न सकिनेछ। त्यसपछि सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा गएर जैविक (Bio-metric) विवरण उपलब्ध गराउनुपर्नेछ।

आयोगले यस कार्यक्रममा कानुनअनुसार मतदाता हुन योग्यताप्राप्त नागरिकहरूले नाम दर्ता गर्न सक्ने व्यवस्था रहेको स्पष्ट पारेको छ। साथै विवाह भई अन्यत्र गएका, बसाइँ सराइ गरेका मतदाताले ठाउँसारी गर्न सक्नेछन् भने नाम वा विवरणमा त्रुटि भएमा सच्याउन पनि सकिनेछ। आयोगका प्रवक्ता तथा सहसचिव नारायण प्रसाद भट्टराईले मतदाता नामावलीमा नाम दर्ता हुन बाँकी रहेका १६ वर्ष पूरा गरेका सबै नेपाली नागरिकलाई आफ्नो नाम दर्ता गरी विवरण अद्यावधिक गर्न आग्रह गर्नु भएको छ।

## बिमालेख हराएको सूचना

२०८२ साउन ७ गते घर देखि सिरहा सदरमुकाम जाने क्रममा मेरो निम्न ब्यहोरा भएको **लाइफ इन्स्यारेन्स कर्पोरेशन नेपाल लिमिटेड**को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा सम्बन्धी व्यक्तिलाई बुझाई दिन हुन अनुरोध छ।

**नाम : उर्मिला कामती**
**ठेगाना : कल्याणपुर–१, अर्नमा (सिरहा)**
**बिमालेख नं. ६५१७००५५२**

# चौथो दाजुभाई भेट्रान्स खसी कप २०८२ भोलीबाट सुरु




गोलबजार, ९ असोज । नेपालीहरुको महान पर्व विजया दशमीको अवसरमा पछिल्लो ४ वर्षदेखि नियमित हुँदै आएको 'चौथो दाजुभाई भेट्रान्स खसी कप २०८२' फुटवल प्रतियोगिता भोली शुक्रवार १० गतेबाट सुरु हुने भएको छ । गोलबजार स्पोर्ट्स क्लवको आयोजनामा हुनगईरहेको प्रतियोगितामा सिरहा र धनुषाका आठ वटा समूह सहभागी रहने आयोजकले जनाएको छ।

प्रतियोगिताको पहिलोखेल असोज १० गते विहान ७ बजे लहान भेट्रान्स र गोलबजार कर्मचारी भेट्रान्सविच हुने र दोस्रो खेल अपरान्ह २ बजे गोदार भेट्रान्स धनुषा र संयुक्त धनगढीमाई भेट्रान्स विच हुने क्वलका सचिव नरेश लामाले जानकारी दिए। तेस्रो खेल ११ गते विहान ७ बजे तेतरिया भेट्रान्स र नन्दबाबा एकेडेमी भेट्रान्स कर्जन्हा विच हुने छ। चेथो खेल गोलबजार भेट्रान्स र मिर्चैया भभेट्रान्सविच हुने आयोजकले जनाएको छ। फाईनलभने १४ गते हुने छ। गोलबजार नगरपालिका २ गुरुधामस्थित एकीकृत खेलग्राममा हुने प्रतियोगितामा प्रथमहुने समूहले ३३ केजिको खसी र दोस्रो हुनेले १५ केजी खसी प्राप्त गर्ने छ।

# चाडपर्वलाई लक्षित गर्दै बजार अनुगमन तीव्र

सुधा देव

सप्तरी, ९ असोज। चाडपर्वलाई लक्षित गरी सप्तरीको राजविराजमा बजार अनुगमन तीव्र पारिएको छ। जिल्ला प्रशासन कार्यालय सप्तरीको नेतृत्वमा स्थानीय सरोकारवाला कार्यालयको प्रतिनिधिसहितको टोलीले अनुगमन तीव्र पारेको हो ।चाडपर्वको बेला उपभोक्ता बढी ठगिने संभावना भएकाले चाडपर्वलाई लक्षित पारेर अनुगमन थालेको अनुगमन टोलीलाई नेतृत्व गरिरहनु भएका जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत जितेन्द्र कुमार पासवानले जानकारी दिनुभएको छ

अनुगमनको पहिलो दिन बुधबार राजविराजको किराना पसलहरूको अनुगमन गरिएको हो। अनुगमनको क्रममा म्याद गुज्रिएको फेन्टा, स्प्राइट, कोक तथा अन्य केही सामान फेला परेको जिल्ला प्रशासन कार्यालयका नायब सुब्बा सुशील कर्णले जानकारी दिनुभयो। अनुगमन टोलीले म्याद गुज्रिएको सामग्री बरामद गरेर नष्ट गरेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "हामीले फेला पारेको म्याद गुज्रिएका सामान नष्ट गरेर अब बेचेको पाइएमा कारबाही गर्ने चेतावनी दिएका छौं। त्यसोगरे



कार्वाहीको प्रक्रिया अगाडि बढाइने छ।"

अनुगमनको अभावमा नजानेर नबुझेर उपभोक्ताले म्याद गुज्रिएको र गुणस्तरहीन सामान किन्न बाध्यता भइरहेको बेला चाडपर्वलाई लक्षित गरी थालिएको अनुगमनले केही राहत हुने विष्णुपुर गाउँपालिका ६ का विजय देवले बताउनुभयो। उहाँले भन्नुभयो, "बजार अनुगमन चाडपर्वको बेला मात्र नभएर नियमित पालैपालो सबै पसलमा गर्नुपर्ने आवश्यक छ।" अनुगमन टोलीमा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष बैद्यनाथ झा, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रतिनिधि, घरेलु तथा साना उद्योग, खाद्य तथा गुण कार्यालय, कर सेवा केन्द्र राजविराज लगायतका कार्यालयका प्रतिनिधिहरू सहभागिता थियो।

# जसलाई गरिबीले पलपल मारिरहेको छ



सिरहा, ९ असोज। लहान नगरपालिका-१४ बस्तीपुरको एउटा छानो, जहाँबाट पानी चुहिरहेको छ। झुप्रोको कुना-कुना चिसिएको छ, तर त्योभन्दा चिसो बनेको छ सीता पासवानको मन। असोज २ गते, श्रीमान् बद्री पासवानको निधनसँगै सीताको जीवनमा आँधीहुरी चलेको छ। श्रीमान् गुमाइसकेपछि तीन नाबालक छोराको जिम्मेवारी सीताको काँधमा आइपुगेको छ। भोकसँगको संघर्ष र भविष्यप्रतिको अनिश्चितता एकैपटक आइपरेको छ। 'तेह्र दिनको किरिया कर्म गर्नुपर्छ, अझै केही दिन बाँकी छ। भरदिन मजदुरी नगरे बेलुका मुखमा माड लाग्दैन। कसरी बालबच्चालाई खुवाउने भन्ने चिन्ता छ', उनले भनिन्। तीन नाबालक छोराहरू, जो क्रमशः कक्षा ९, ८ र ५ मा अध्ययनरत छन्। आमासँग कुरा गरिरहँदा बुबाको मृत्युबारे बुझे/नबुझे झैँ अनुहार लुकाउँदै तीनै भाइ भित्तातिर हेरेर टोलाइरहेका थिए।

बद्री पासवान चार वर्षदेखि गम्भीर रोगसँग लडिरहेका थिए। सुरुमा उहाँलाई 'डाइबेटिज' भयो, पछि दुवै मिर्गौलाले काम नगरेर प्राण त्याग गर्नुपर्‍यो। सीता र छोराहरूको संघर्ष त उनी बिरामी भएसँगै सुरु भइसकेको थियो। मृत्युले त त्यो पीडालाई नयाँ रूप मात्रै दिएको हो। अब त त्यो पीडालाई एकल जीवनको जिम्मेवारीले थिचेको छ। पाँच धुर गाउँब्लकको जमिनमाथि बनेको माटोको झुप्रोमा पासवान परिवारले टाउको लुकाइरहेको छ। नगरपालिकाले जस्ता दिने भनेको छ, तर त्यो छानो हाल्न सक्ने आर्थिक स्थिति छैन। 'दैनिक ज्यालामा गुजारा चलाउँदा छाना बनाउने खर्च कहाँबाट ल्याउनु !' सीता भन्छिन्।

विगतमा उनले श्रीमानको पीडासँग संघर्ष गरिन्। अहिले श्रीमानको अनुपस्थितिमा संघर्षको दायरा थप फराकिलो भएको छ। यो सम्झँदा सीताका आँखामा आँसु रोकिँदैनन्। 'जब छोराहरूलाई भोकै सुत्न बाध्य हुन्छन्, तब भोकभन्दा ठूलो पीडा हुन्छ। स्कुल शुल्क तिर्न नसक्दा, किताब किन्न नसक्दा भविष्यको बाटो छेकिएको महसुस हुन्छ', उनी भन्छिन्। छिमेकी राजकुमार सदा पासवान परिवारको पीडाले भावुक हुन्छन्। उनी भन्छन्, 'बद्री त गइहाले, तर त्योभन्दा ठूलो पीडा यो परिवारको हालत देख्दा हुन्छ, मन भक्कानिन्छ। खाने अन्न छैन, बस्ने घर छैन। गरिबीले पलपलमा दुःख दिइरहेको छ।

सँगै मर्ने बाँच्ने कसम खाएका जीवन साथी गए। बाँचेकाहरू पनि अभावसँग लड्दैछन्। त्यसैमा चार वर्षदेखि बेपत्ता एउटी छोरी सम्झदा झन् पीडा हुन्छ सीतालाई। 'मानसिक अवस्था ठीक थिएन, केही वर्षअगाडि सडकमा देखेको भनेर कसैले भनेका थिए, तर खोज्न सकिनँ, अब पश्चातापबाहेक केही छैन', सीताले भनिन्। बद्रीको मृत्युपछि लहान नगरपालिकाले राहतस्वरूप केही खाद्य सामग्री दिएको थियो। यसले केही दिन चुल्हो बले पनि अभाव हट्ने कुरो भएन। नगरप्रमुख महेशप्रसाद चौधरी भन्छन्, 'यो राहत तत्कालका लागि हो, तर दीर्घकालीन समाधानका लागि पनि पहल गर्नेछौं।'

नगर क्षेत्रभित्रका विपन्न परिवारमा कसैको मृत्यु भएमा नगरपालिका राहत लिएर पुग्ने गरेको उनको भनाइ छ। 'मेरो कार्यकालमा दुई सयभन्दा बढी मुसहर समुदाय र सयौँ दलित, गरिब परिवारलाई राहत वितरण भइसकेको छ। यो पासवान परिवारलाई पनि थप सहयोग गर्छौं', नगरप्रमुख चौधरीको भनाइ छ। वडा नं १४ का अध्यक्ष धानिकलाल यादवले नरपालिकासँग समन्वय गरेर पासवान परिवारका लागि घर बनाउन पहल गर्ने बताउँछन्। उनले भने, 'एक त गरिबी, त्यसैमा श्रीमान्को मृत्यु, अनि छोरी हराएको पीडा। यी सबै सीता दिदीका लागि असह्य बनेका छन्। यस्ता समस्यामा परेकालाई तत्काल राहत दिनु र दीर्घकालीन उपायको खोजी गर्नु हाम्रो कर्तव्य हो।' वडाध्यक्ष यादवका अनुसार घर निर्माणका लागि आवश्यक प्रक्रिया अघि बढाउने विषयमा पालिकास्तरमा छलफल चलिरहेको छ।

सीता भने 'घर' मात्रै नभई त्यसभित्रको भविष्य झन् महत्त्वपूर्ण रहेको बताउँछिन्। 'त्यो भविष्य भनेको छोराहरूको शिक्षा हो। यदि समयमै साथ, सहारा र सहयोग पाइयो भने मेरा सन्तानले बुबाको सपना पूरा गर्न सक्छन्', उनी भन्छिन्। सीता पासवानको आँखामा आँसु मात्रै होइन, आशा पनि देखिन्छ। एक दिन त केही राम्रो हुनेछ, केही उज्यालो हुनेछ भनेर। सबैबाट सहयोग भए मात्रै यो आशा पूरा हुन सम्भव रहेको उनको बुझाइ छ।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)